# प्रेरणा गुरुपूजा विशेषाङ्क

आत्मज्ञान प्रचार संघद्वारा प्रकाशित वर्ष : ६ अङ्क : १८ श्रावण २०८२ जुलाई २०२५

## अविनाशीको अनुभव



जीवनको सत्यलाई हेर्नुहोस् त्यसपछि तपाईंले ती अविनाशीलाई अनुभव गर्नुहुनेछ किनभने ती अविनाशी टाढा छैनन् । यदि मैले तिनको अनुभव गर्ने चाहना राखेँ भने तिनलाई म आफ्नो हृदयमा अनुभव गर्न सक्छु । कुरा केवल यत्ति नै हो । वर्तमानको महत्त्वलाई बुझ्नुहोस् । यस क्षणको कुरा हो । यसको महत्त्वलाई बुझ्नुहोस् त्यसपछि तपाईं स्वतन्त्र हुनुहुनेछ । अहिले यो समय तपाईंलाई प्राप्त भएको छ । अहिले यो जीवन प्राप्त भएको छ । यो किन प्राप्त भएको छ ? यो समस्याहरूमा फस्ने समय होइन । यो निस्सासिएको महसुस गर्ने समय होइन । जब हामी समस्याहरूमा अल्झिन्छौँ अनि समस्याहरूबाट बाहिर निकाल्नुहोस् भनेर भगवान्सँग प्रार्थना गर्छौं । यो त्यस्तो समय होइन । यो त आफू जीवित हुनुको महत्त्वलाई बुझ्ने समय हो- म जीवित छु, मभित्र यो श्वास आइरहेको छ र गइरहेको छ ।

> तपाईंले चाहेको खुशी तपाईंभित्र छ । तपाईं आफूभित्र मोडिनु भएपछि, तपाईं अन्धकारमा रहनुहुनेछैन ।

आफ्नो जीवनमा अनन्तको अनुभव गर्नुहोस् अनि तपाईंले स्वयम् आफूलाई बुझ्नुहुनेछ । तपाईं को हुनुहुन्छ ? के हुनुहुन्छ ! आफूभित्रको आनन्दलाई महसुस गर्नुहोस् अनि तपाईं कहिल्यै दु:खी हुनुहुनेछैन । तपाईंले चाहेको खुशी तपाईंभित्र छ । तपाईं आफूभित्र मोडिनु भएपछि, तपाईं अन्धकारमा रहनुहुनेछैन । यो ज्ञान त भित्र मोडिने एउटा साधन हो ।

यस संसारमा हामी भौँतारिरहन्छौँ । हामी त मानिसहरूले हामीलाई सुनाएका धारणाहरूमा अल्झिएका छौँ । एकएक दिन गर्दै हाम्रो यो जीवन बितिरहेको छ तर हामीले जीवित हुनुको महत्त्वलाई बुझिरहेका छैनौँ । हाम्रो एउटाएउटा श्वासमा अपार आनन्द भरिएको छ । हामीले त्यस चिजलाई जीवित अवस्थामै प्राप्त गर्न सक्छौँ । त्यो शान्ति र आनन्दले आफ्नो हृदयलाई पूर्ण तरिकाले भर्न सक्छौँ । यो शरीरको त प्रकृति नै हो । यसले एक न एक दिन जानैपर्छ । यद्यपि भित्रको त्यो चिज यो समयसँग बाँधिएको छैन । त्यसैले हरेक क्षणलाई सृष्टिकर्ताको आशीर्वाद हो भन्ने कुरा बुझेर आभार व्यक्त गरौँ अनि आफ्नो जीवनमा भरपुर आनन्द लिऔँ ।

यो संसारमा श्वासभन्दा मूल्यवान् अरू कुनै चिजै छैन । चाहे करोडपति हुन् या भिखारी, शिक्षित या अशिक्षित सारा दुनियाँको समस्या योसँगै समाप्त हुनेछ । यदि यो श्वासलाई बुझ्नुभएन भने यो प्राप्त भएको अनमोल उपहार पनि हातबाट फुत्कनेछ । यसर्थ वास्तविक चमत्कारलाई हेर्न चाहनुहुन्छ भने आफूभित्र आफ्नो हृदयमा ध्यान दिनुहोस् । यो चमत्कार बाहिर प्राप्त हुँदैन किनभने यो त भित्र भइरहेको चमत्कार हो । जसको तपाईंलाई खोजी छ, जुन सच्चा साथीको तपाईंलाई खोजी छ, जो सबैका साथी हुन् नि ती मित्र तपाईंभित्र छन् । चाहे सबै कुरा समाप्त भए पनि उनले कसैसँग शत्रुता देखाउँदैनन् ।

## प्रेम रावतद्वारा सम्बोधन

अप्रिल र मे महिनामा दक्षिण तथा पूर्वी एसियाका कार्यक्रम शृङ्खलालाई सकेर प्रेम रावतले जुन र जुलाईमा अमेरिका र युरोपमा कार्यक्रम गर्नुभयो । उत्तर अमेरिकामा जुन १ मा वेस्टलेक (क्यालिफोर्निया) र जुन ८ मा मियामी (फ्लोरिडा) का कार्यक्रमहरूपछि उहाँले जुन १४ मा टोरन्टो (क्यानाडा) मा कार्यक्रम गर्नुभयो । त्यस्तै जुन २९ मा बार्सिलोना (स्पेन) बाट युरोपका कार्यक्रमहरूको यात्रा प्रारम्भ गर्नुभयो । जुलाई ५ मा बोलोग्ना (इटाली) र जुलाई ८ मा लुबियाना (स्लोभेनिया) मा कार्यक्रम गरेर यो शृङ्खलालाई निरन्तरता दिनुभयो । त्यसपछि उहाँले जुलाई १२ मा म्युनिक (जर्मनी) मा एक दिवसीय प्रशिक्षण कार्यक्रम सञ्चालन गरेर जुलाई २० मा संयुक्त अधिराज्यको राजधानी लन्डन पुगेर त्यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुभयो । त्यसको केही दिनपछि त्यहाँ गुरुपूजा विशेष कार्यक्रम गर्नुभयो । यस कार्यक्रममा उहाँले दिनुभएको विशेष सन्देश ५९ औं गुरुपूजाका दिन जुलाई ३१ म टाइमलेस टुडेमार्फत प्रसारण हुँदै छ । त्यस दिन बिहानदेखि यो कार्यक्रम नि:शुल्क रूपमा टाइमलेस टुडेमा निरन्तर उपलब्ध हुनेछ । जुलाई २७ मा डब्लिन (आयरल्यान्ड) मा भएको कार्यक्रमलाई सम्बोधन गरेर उहाँ पुन: अमेरिकातर्फ लाग्नुभयो ।

### यसभित्र


३१ जुलाई एक विशेष दिन

कथा : गुरुको प्रेरणा र व्यवहार

कविता : सर्वश्व नै तिमी

परमानन्दको अनुभव


**तपाईंको जीवनको खुसी तपाईंको सोचाइको गुणस्तरमा निर्भर रहन्छ । -मार्कस औरेलियास**

# गुरुपूजा विशेषाङ्क




श्री प्रेम रावतले आफ्ना गुरु श्री हंशजी महाराजीको जीवनकाल पूरा भएपश्चात् सन् १९६६ जुलाई ३१ देखि उहाँबाट प्राप्त शान्ति सन्देश तथा आन्तरिक शान्तिको अनुभूति गर्ने विधि (आत्मज्ञान) को संसारभरि प्रचार गर्ने सङ्कल्प लिनुभयो । ९ वर्षको कलिलो उमेरमा नै उहाँले यति ठुलो सङ्कल्प गर्नुभएको दिन ३१ जुलाईलाई विश्वका सबै ज्ञान प्राप्त व्यक्ति (प्रेमी) मिली हर्षोल्लासका साथ आभारसहित गुरुपूजाका रूपमा मनाउँदै आएका छौं । उहाँको अथक प्रयास र समर्पणको फलस्वरूप आज विश्वका अधिकांश देशमा शान्ति सन्देश पुगिसकेको छ।

गुरुपूजाको यस पावन अवसरमा श्री प्रेम रावतको सन्देश र आत्मज्ञानले तपाईंको जीवन थप सुख, शान्ति, प्रेरणा र आनन्दले भरिओस् साथै हरेक क्षण शान्तिको अनुभूति गर्दै, यस मार्गमा अझ दृढ विश्वास र समर्पणका साथ अघि बढ्न सक्नुहोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछौं।



गुरुपूजाको यस पावन अवसरमा श्री प्रेम रावतलाई संसारका सबै मानिससमक्ष शान्ति सन्देश पुऱ्याउने यस अभियानमा सफलता मिलोस् । उहाँलाई धेरैधेरै शुभकामना । साथै यस शान्ति यात्रामा ज्ञान प्राप्त व्यक्तिहरूले जसरी प्रचार तथा अन्य सेवामा उत्साहपूर्वक सहभागिता र सहयोग गर्नुभएको छ । त्यसका लागि यहाँहरूलाई आत्मज्ञान प्रचार संघको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं।

गुरुपूजाको यो विशेष दिनमा केन्द्रकेन्द्रमा भेला भएर गुरुपूजा कार्यक्रम मनाउनुहुन र टाइमलेसटुडे एपको माध्यमबाट प्रेम रावतको सन्देशको आनन्द लिई यो विशेष महोत्सव मनाउनुहुन अनुरोध गर्दछौं।

## अभिव्यक्ति

३१ जुलाई सन् २०२५ को गुरुपूजाको शुभ अवसरमा आदरणीय श्री प्रेम रावतज्यूलाई सुस्वास्थ्य र दीर्घायुको शुभकामना व्यक्त गर्न चाहन्छु । हजुरले कृपा गरेर ज्ञान दिनुभयो । सोही ज्ञान, सेवा, सत्सङ्ग र अभ्यासले ल्याएको सकारात्मक परिवर्तनलाई लिएर म जीवनभर आभारी रहनेछु। धन्यवाद!

-मेनका राना
काठमाडौं

गुरुपूजाको यस विशेष अवसरमा अन्तर्राष्ट्रिय शान्तिदूत श्री प्रेम रावतज्यूप्रति गहिरो आदर र कृतज्ञता व्यक्त गर्न चाहन्छु । हजुरको जीवनदृष्टिकोण, निरन्तर सन्देशप्रतिको प्राथमिकता र आशीर्वादले हामीलाई सफल जीवन जिउन प्रेरित गरिरहेको छ। यस गुरुपूजामाको अवसरमा हजुरप्रति सादर नमन र धन्यवाद व्यक्त गर्दछु।
धन्यवाद आदरणीय गुरु!

-डा. लोकेन्द्र कुमार भगत
काठमाडौं

श्री प्रेम रावतज्यू,
५९ औं गुरुपूजाको सुअवसरमा गुरुप्रति हृदयदेखि नै आभारी छु। गुरुका बारेमा म जे लेख्न सक्छु र जति लेख्न सक्छु, त्यो अधुरो र अपुरो हुन्छ । जब मैले गुरुबाट ज्ञान प्राप्त गर्ने अवसर पाएँ त्यसपछि मेरो जीवनशैली र सोच नै परिवर्तन भयो। गुरुको कृपाको कारण सेवा सत्सङ्ग र भजनको मौका पाएको छु। र, मैले ज्यादै खुसी, सुखी र धन्य भएको महसुस गरेको छु । मेरो अन्तिम श्वाससम्म यस्तै गर्न पाऊँ । मेरा गुरुसँग यही मेरो प्रार्थना छ।

-खेमलाल अधिकारी
कपिलवस्तु

गुरुपुजाको यस अवसरमा म मेरा गुरुलाई धेरैधेरै धन्यवाद भन्न चाहन्छु । हजुरको शक्ति अनि कृपाले आज म ९३ वर्षसम्म आराम र खुसीसाथ बाँचिरहेकी छु । मैले कहिल्यै चौरासी गर्ने अनि मन्दिरमन्दिरमा गएर पूजा गर्ने रहर गरिन । सच्चा भगवान् त खासमा हाम्रो हृदयमा हुनुहुन्छ भन्ने कुरा मैले हजुरबाट बुझेकी छु । म जहाँ पुग्छु, मेरा आफन्तलाई भेट्छु अनि म यो अमूल्य ज्ञानका बारेमा बताउँछु । आजसम्म मैले सकेको सेवा पनि निरन्तर गरिरहेकी छु । मेरो सबै परिवारलाई यो सत्य मार्गमा लागिरहन आग्रह गर्दछु।
हाम्रो घरमा कम्तीमा वर्षमा १ पटक सत्सङ्ग कार्यक्रम राखी नयाँ तथा ज्ञान प्राप्त व्यक्तिलाई शान्ति सन्देश सुनाउने गरका छौं। यो कार्यलाई अगाडि निरन्तरता दिन म आग्रह गरिरहन्छु।
वास्तवमा गुरुको महिमा कुनै शब्दबाट व्यक्त गरेर सायद पुरा हुँदैन । यस सुखद अवसरमा म हृदयदेखि नै उहाँको दीर्घायु र सुस्वास्थ्यको कामना गर्दछु। धन्यवाद!

-हरिमाया पुडासैनी
गोरखा

# गुरुपूजा विशेषाङ्क

कथा

## गुरुको प्रेरणा र व्यवहार

धेरै वर्ष पहिलेको कुरा हो । नेपालको पहाडी भेगमा एउटा सानो गाउँ थियो। त्यसको नाम थियो- शान्तिपुर। यो गाउँ प्रकृतिको काखमा शान्त र सुन्दर थियो । त्यहाँ मानिसहरू सरल जीवन जिउँथे । शान्तिपुरको बिचमा एउटा सानो विद्यालय थियो। त्यहाँ गुरुदेव भनेर चिनिने एक ज्ञानी र दयालु शिक्षकले बालबालिकालाई पढाउने गर्थे।

गुरुदेवको ज्ञानको गहिराई अथाह थियो र उनको पढाउने शैली यति मिठो थियो कि हरेक विद्यार्थी उनको पढाइमा मग्न हुन्थे । उनी केवल अक्षरहरू मात्र सिकाउँदैनथे। जीवनका महत्त्वपूर्ण मूल्य, मान्यता, नैतिकता र असल संस्कार पनि सिकाउँथे । उनका विद्यार्थीहरू उनलाई आफ्ना पितासरह मान्थे।

त्यस वर्ष गुरुपूर्णिमा नजिकिँदै थियो । गुरुपूर्णिमाको दिन विद्यार्थीहरूले आफ्ना गुरुलाई सम्मान गर्ने र कृतज्ञता व्यक्त गर्ने परम्परा थियो । शान्तिपुरका विद्यार्थीहरू यस दिनलाई विशेष बनाउन चाहन्थे । उनीहरूले गुरुदेवका लागि केही अनौठो उपहार दिने सल्लाह गरे।

विद्यार्थीमध्ये एक आकाश नामको बालक सबैभन्दा चलाख र जिज्ञासु थियो। उसले भन्यो, "हामीले गुरुदेवलाई कुनै भौतिक वस्तु दिनुको सट्टा, उहाँको शिक्षालाई सार्थक बनाउन केही गरौँ न।"

सबैले आकाशको कुरामा सहमति जनाए। उनीहरूले सोचे, "गुरुदेवले हामीलाई सधैँ समाजको भलाइ गर्न र ज्ञानको प्रकाश फैलाउन सिकाउनुहुन्छ । हामीले पनि त्यसको सिको गरौँ।"

अर्की विद्यार्थी मायाले सुझाव दिइन्, "हाम्रो गाउँमा धेरै निरक्षर मानिसहरू छन् जसलाई पढ्न र लेख्न आउँदैन। कि हामी उनीहरूलाई सिकाउने अभियान सुरु गरौँ त ?"

यो विचार सबैलाई मन पर्‍यो। गुरुपूर्णिमाको अघिल्लो दिन सबै विद्यार्थीहरूले मिलेर गाउँभरि घोषणा गरे । उनीहरूले निरक्षर मानिसहरूलाई निःशुल्क पढाउने बाचा गरे। सुरुमा केही मानिसहरू हिच्किचाए तर विद्यार्थीहरूको उत्साह र गुरुदेवको प्रेरणाले गर्दा धेरै जना सिक्नका लागि तयार भए।

गुरुपूर्णिमाको बिहान शान्तिपुरको विद्यालयमा विशेष चहलपहल थियो । गुरुदेव मन्दिरमा पूजा गरेर विद्यालय आउँदा विद्यार्थीहरूले उनलाई फूलमालाले स्वागत गरे तर यस वर्षको उत्सव फरक थियो। विद्यार्थीहरूले गुरुदेवलाई उपहारका रूपमा फूल र फलफूल मात्र दिएनन्, उनीहरूले गाउँका केही निरक्षर व्यक्तिहरूलाई विद्यालयमा ल्याएका थिए। तिनलाई उनीहरूले केही अक्षर र अङ्कहरू सिकाउन सुरु गरिसकेका थिए।

आकाशले गुरुदेवको चरणमा ढोग्दै भन्यो, "गुरुदेव, तपाईंले हामीलाई दिनुभएको ज्ञानको यो नै सबैभन्दा ठुलो उपहार हो। हामीले तपाईंको शिक्षालाई व्यवहारमा उतार्ने प्रयास गरेका छौँ। हामीले गाउँका केही दाइदिदीहरूलाई पढ्न सिकाउन सुरु गरेका छौँ।"

गुरुदेवका आँखाबाट खुसीका आँसु झरे। उनले आफ्ना विद्यार्थीहरूलाई अँगालो हाले र भने, "तिमीहरूले आज मलाई सबैभन्दा ठुलो गुरुदक्षिणा दिएका छौ। ज्ञान बाँड्नु नै सच्चा गुरुदक्षिणा हो । तिमीहरूले मेरो शिक्षालाई सार्थक बनाएका छौ।"

त्यसपछि गुरुदेवले विद्यार्थीहरूसँगै ती निरक्षर व्यक्तिहरूलाई पढाउन सुरु गरे। शान्तिपुरमा ज्ञानको नयाँ लहर फैलियो । गुरुपूर्णिमाको त्यो दिन शान्तिपुरको इतिहासमा एउटा स्वर्णिम अध्याय बन्यो। फलतः गुरुशिष्य परम्पराको महत्त्व र ज्ञानको प्रसारको शक्ति उजागर भयो। यसरी शान्तिपुरमा गुरुपूर्णिमा केवल एउटा पर्व मात्र रहेन। यो त ज्ञानको ज्योति फैलाउने र समाजलाई अगाडि बढाउने प्रेरणाको स्रोत पनि बन्यो।

-प्रतिमा पाण्डे

कविता

## सर्वश्व नै तिमी

ज्ञानीजनको सत्मार्गमा हिँड खुरुखुरु  
जब मिल्छन् गुरु तब सुखी जीवन सुरु  
मेरो देव गुरुदेव सर्वश्व नै तिमी  
मेरो मार्गदर्शक शान्तिदायक तिमी

'चाबी' बनी खोलिदियौ हृदयको दैलो  
'धोबी' बनी धोइदियौ मनको कालोमैलो  
'दियो' बनी हटाइदियौ अज्ञान अन्धकार  
'माली' बनी भेटाइदियौ जीवन आधार

कुमाले हौ अज्ञानीलाई ज्ञानी बनाइदियौ  
महात्मा हौ आफू को हो स्वयम् जनाइदियौ  
डुङ्गारूपी चरणमा पर्छु शरण लेऊ  
माझी हौ तिमी मलाई मार्ग बताइदेऊ

ज्ञान दिएर प्रेमको साँचो नाता जोडिदियौ  
बाहिरतिर कुद्ने मनलाई भित्र मोडिदियौ  
सुख शान्ति आनन्दको खानी भेटाइदियौ  
जन्मान्तरको भोक र प्यास मेटाइदियौ ।

-गीता शर्मा

### टाइमलेसटुडे एपमा गुरूपूजा विषेश कार्यक्रम

प्रेम रावतले आफ्ना गुरुको देहावसानपछि सन् १९६६ जुलाई ३१ देखि शान्ति सन्देश तथा आन्तरिक शान्तिको अनुभूति गर्ने विधि प्रदान गर्ने उद्देश्यले गुरुको जिम्मेवारी सम्हाल्नुभयो । सोही विशेष दिनलाई हामी गुरुपूजाका रूपमा मनाउँदै आएका छौं । यही अवसरमा उहाँले दिनुभएको विशेष सन्देश ३१ जुलाईमा टाइमलेसटुडे एपमा कुनै सब्सक्रिप्सनविना उपलब्ध हुनेछ । आफ्नो अनुकूल समयमा उक्त कार्यक्रमको लाभ लिन सकिनेछ।

# गुरुपूजा विशेषाङ्क

## परमानन्दको अनुभव

तीन कुराहरू छन् । तीनओटा कानुन छन् । यी कानुनमा तपाईं बाँधिनुभएको छ । पहिलो कुरा तपाईंको जन्म भएको छ । दोस्रो तपाईं जीवित हुनुहुन्छ र तेस्रो तपाईंले जानुपर्नेछ । यो तपाईंको कानुन हो । तपाईंले यो अवसर पाउनुभएको छ । तपाईंले यो जीवन पाउनुभएको छ । यी तीनओटा कुरा तपाईंले पाउनुभएको छ । तपाईंले यही कानुनभित्र बाँधिनुपर्ने हुन्छ । कसैले पनि यो कानुनलाई उल्लङ्घन गर्न सक्दैन । सबै प्राणीहरू यिनै तीन कुरामा बाँधिएका छन् ।

**आएका थिए ती जानेछन्, राजा रङ्क फकिर**
**कोही सिंहासन चढेर गए, कसैलाई बाँधियो जन्जिर ।**

तपाईं दुःखबाट बच्न चाहनुहुन्छ । तपाईं सुखमा रहन चाहनुहुन्छ तर परम सुख कहाँ छ ? ती हंस भएका स्थानमा परम सुख छ र त्यो तपाईंभित्र छ । तपाईं त्यो परम सुखलाई बाहिर खोजिरहनुभएको छ । त्यो चिज तपाईंबाहिर प्राप्त हुँदैन । बाहिरको सुख त सुख भएपछि पनि दुःखी बनाउने खालको हुन्छ किनभने यो संसारको रित हो । पानीले तपाईंको तिर्खा मेट्न पनि सक्छ र तपाईंलाई डुबाउन पनि सक्छ, मृत्युकै अवस्थामा पुर्‍याउन पनि सक्छ । आगोले खाना पकाउन पनि सक्छ अनि तपाईंलाई जलाएर खरानी बनाउन पनि सक्छ । यी दुवै कुरा छन् ।

यो दुनियाँको सुखको प्रकृति नै यस्तै हुन्छ । आज छ तर भोलि रहँदैन अर्थात् बदलिन्छ । हरेक चिज बदलिरहन्छ, फरक भइरहन्छ तर तपाईं सकेसम्म नबदलियोस् भनेर प्रयास गरिरहनुहुन्छ । तपाईं ऐनामा आफ्नो अनुहार हेर्नुहुन्छ । चाउरी पर्न थालेपछि तपाईंलाई राम्रो लाग्दैन । तपाईं बजार जानुहुन्छ अनि जवान देखिनका लागि चाउरी नपरोस् भनेर क्रिम लगाउनुहुन्छ । मानिसहरू किन आफ्नो कपाललाई कालो बनाउँछन् ? मानिसहरूले तपाईंलाई जवान नै देखून् भन्ने अपेक्षा गर्नुहुन्छ । जवानी कपालमा हुने होइन, जवानी तपाईंको हृदयमा छ । जवानी दिलमा हुन्छ, जवानी हृदयमा हुन्छ ।

> तपाईं जीवित रहेसम्म नबदलिने एउटा मात्रै चिज यो श्वासको आउनुजानु हो । यदि यसलाई चिन्नुभएन, यसलाई बुझ्न सक्नुभएन भने खाली हात त आउनुभएकै थियो तर जाँदा पनि खाली हातै जानुहुनेछ ।

जीवनमा खुसी हुनेलाई नै खुसीको भण्डार कहाँ छ भन्ने कुरा थाहा हुन्छ । त्यो उसैभित्र छ । बाहिर बदलिन्छ, बदलिरहन्छ । आज छ, भोलि बितेर जान्छ, बदलिन्छ । साथी फेरिन्छ, जागिर फेरिन्छ । अवकाश लिनुपर्ने दिन पनि आउँछ । सबै कुरा गतिमान् हुन्छ । मौसम बदलिन्छ । तपाईं त केही पनि नफेरियोस् भन्ने चाहना राख्नुहुन्छ । त्यो त्यस्तै नै भइरहोस् भन्ने ठाने पनि त्यो बदलिनेछ । तपाईं जीवित रहेसम्म नबदलिने एउटा मात्रै चिज यो श्वासको आउनुजानु हो । यदि यसलाई चिन्नुभएन, यसलाई बुझ्न सक्नुभएन भने खाली हात त आउनुभएकै थियो तर जाँदा पनि खाली हातै जानुहुनेछ । तपाईं यसलाई अनुभव गर्न सक्नुहुन्छ । यसको आवागमनलाई अनुभव गर्न सक्नुहुन्छ ।

तपाईंले खोज्नुभएको चिज तपाईंभित्रै छ । त्यसको पर्खाइका लागि आफ्नो समय खेर नफाल्नुहोस् । तपाईंले याद राख्नुपर्ने एउटा कुरा के छ भने त्यो परमानन्द तपाईंभित्र छ । तपाईं कति भाग्यशाली हुनुहुन्छ किनभने तपाईंभित्र यो श्वास आइरहेको छ अनि गइरहेको छ । यसर्थ अरू कुनै कुरालाई याद नराखे पनि यति कुरालाई याद राख्नुहोस् ।



तपाईंको जीवनमा अँध्यारो भएको महसुस भयो । तपाईंलाई हरेक चिजले छोडिदिएको महसुस भयो भने पनि यदि तपाईंभित्र यो श्वास आइरहेको छ र गइरहेको छ भने यो विश्वलाई सञ्चालन गर्ने त्यस शक्तिले तपाईंलाई छाडेको छैन । त्यो तपाईंकै साथमा छ । यो दुनियाँ जतिसुकै तपाईं विपरीत भए पनि, यो समय तपाईं विपरीत भएको भए पनि अर्थात् सबै कुरा तपाईंका विपरीत भइरहेको भए पनि यदि त्यो चिज तपाईंभित्र आइरहेको छ र गइरहेको छ भने सबै कुरा ठिक हुन्छ ।

डराउनु आवश्यक छैन । यदि डराउनै छ भने अज्ञानतासँग डराउनुहोस् । अज्ञानी नहुनुहोस् किनभने ज्ञान तपाईंभित्रै छ । अँध्यारोबाट डराउनु आवश्यकै छैन किनभने प्रकाश तपाईंभित्रै छ । यदि तपाईंले त्यो दियो बाल्नुभएको छ भने त्यो कहिल्यै पनि निभ्दैन । समस्या त सबैको जीवनमा आउँछ नै । केही समस्यालाई तपाईं जित्न सक्नुहुन्छ त कतिपयलाई जित्न सक्नुहुन्न तर जीवनको लक्ष्य समस्याहरूलाई जित्नु होइन । जीवनको लक्ष्य त त्यो परमानन्दको अनुभव गर्नु हो अनि आफ्नो जीवनलाई सफल पार्नु हो ।


**आत्मज्ञान प्रचार संघ**
सामाखुशी, काठमाडौं, फोन नं.: ०१-४९५२९१२/४९५२९८०
Email:agps@mos.com.np


**शान्ति सन्देशका लागि आधिकारिक अनलाइन स्रोत**
www.premrawat.com,
www.timelesstoday.tv, www.tprf.org
www.youtube.com/premrawatofficial

ज्ञान सुन्दरता र यौवनभन्दा धेरै माथि हुन्छ । -चाणक्य